# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, भाद्र २४ गते २०२३ साल [ अतिरिक्ताङ्क २३ (क)


श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२३ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



४९७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा ऐन, २०२१ (यस पछि मूल ऐन भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः–(१) यस ऐनको नाम "राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र सुविधा (संशोधन) ऐन, २०२३" रहेको छ।

(२) यो ऐन संवत् २०२३ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिने छ।

२. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ मा "प्रति मास रू. ३००।– तीनसय" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "प्रति मास रू. ५००।– पाँच सय" भन्ने शब्दहरू राखिएको छ।

३. मूल ऐनको दफा ५ मा संशोधनः– मूल ऐनको दफा ५ को उप–दफा (१), (३), (४) र (६) मा "रू. २०।– वीस" भन्ने शब्दहरू उल्लेख भएका ठाऊँहरूमा सो शब्दहरूको सट्टा "रू. २५।– पच्चीस" भन्ने शब्दहरू राखिएको छ।

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१६०